# स्थानीय राजपत्र

कागेश्वरी  मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ३ मितिः २०७९/०५/१५

**भाग — १**

कागेश्वरी  मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९

# प्रस्तावना

कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा रहेका खानेपानीका श्रोतहरुलाई उचित संरक्षण र सम्बर्धन गरी नगरपालिका भित्र कृयाशिल रहेका सेवा प्रदायक, उपभोक्ता समिति तथा संस्थाहरुको अनुगमन, मुल्याङ्कन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै सेवा सञ्चालनलाई चुस्त दुरुस्त बनाई गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवं जवाफदेहिता सहितको सर्वसुलभ एकीकृत खानेपानी सेवा प्रदानका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कागेश्वरी मनोहरा नगरपालिकाको छैठौं नगरसभाबाट यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम, "कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन,२०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "ऐन" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका खानेपानी तथा सरसफाई ऐन, २०७९ सम्झनुपर्दछ ।

ख) "बिभाग" भन्नाले नेपाल सरकारको खानेपानी तथा ढल व्यवस्थापन बिभाग सम्झनु पर्दछ ।

ग) "सेवा प्रदायक" भन्नाले खानेपानी प्रणालीबाट उपलब्ध हुने खानेपानी तथा सरसफाई सेवाको सञ्चालन गर्ने उपभोक्ता संस्था वा त्यस्तै कार्यगर्ने अन्य संघ, संस्था, निजीक्षेत्र वा निकायलाई सम्झनु पर्दछ।

घ) "नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकालाई सम्झनु पर्दछ ।

ङ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

च) "उपप्रमुख" भन्नाले नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ज) "खानेपानी प्रणाली" भन्नाले खानेपानीको उपलब्ध श्रोतलाई सेवा क्षेत्रभित्र खानेपानी बितरणगर्ने प्रणालीलाई सम्झनु पर्दछ ।

झ) "ग्राहक" भन्नाले यस ऐन बमोजिम खानेपानी तथा सरसफाई सेवा प्राप्तगर्ने उपभोक्ता सम्झनु पर्दछ।

ञ) "खानेपानी" भन्नाले घरेलु, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि आपुर्ति गरिने पिउने पानी सम्झनु पर्दछ।

ट) "श्रोत" भन्नाले प्राकृतिक, भू-सतह, वायुमण्डलमा वा भुमिगत रहेका खानेपानीका श्रोत सम्झनु पर्दछ।

ठ) "संरचना" भन्नाले खानेपानीको श्रोतबाट पानी जम्मा गर्न, निकाल्न, प्रशारण गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न तथा बितरण गर्न बनाईएको बोरिङ्ग, पानी ट्यांकी, पाईप लाईन, निकाश धारा, पम्प, घर,पर्खाल ढलनिकास तथा फोहोर मैला व्यवस्थापनका लागि बनाईएको अन्य संरचना एवं प्रशोधन केन्द्र वा त्यस्तै प्रकारको संरचना समेतलाई सम्झनु पर्दछ ।

ड) "परियोजना" भन्नाले नगरपालिकाबाट अनुमती प्राप्त व्यक्ति वा संघ संस्थाले सञ्चालन गर्ने खानेपानी तथा सरसफाई

परियोजना सम्झनु पर्दछ र सो शब्दले नेपाल सरकार तथा नगरपालिकाले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा नगरपालिका वा उपभोक्ता संस्था आफैले बिकास गरी सञ्चालन गरेको परियोजना समेतलाई सम्झनु पर्दछ ।

ढ) "पानी आपूर्तिकर्ता" भन्नाले उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

ण) "सेवा" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपभोक्तालाई उपलब्ध गराएको खानेपानी तथा सरसफाई सेवालाई सम्झनु पर्दछ ।

त) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाई सेवा प्राप्त गर्ने व्यक्ति, संस्था वा समुदायलाई सम्झनु पर्दछ ।

थ) "संस्था" भन्नाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाई सेवा प्रदायकका रुपमा रहेका उपभोक्ता समिति वा अन्य परियोजना समेतलाई सम्झनु पर्दछ ।

द) "सेवा शुल्क" भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले सेवा उपलब्ध गराउने संस्थालाई बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ सो शब्दले बिलम्व शुल्क समेतलाई जनाउँदछ ।

ध) "महसुल" भन्नाले खानेपानी तथा सरसफाई सेवा उपलब्ध गरे वापत उपभोक्ताले संस्थालाई बुझाउनु पर्ने शुल्क सम्झनु पर्दछ र सो शब्दले बिलम्ब शुल्क, जरिवाना वा जडान शुल्क समेतलाई जनाउँदछ ।

न) "संचालक" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्छ र सो शब्दले संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा संस्थाका कार्यकारिणी सदस्य समेतलाई जनाउँदछ।

प) "सभा" भन्नाले यस ऐन अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको साधारणसभालाई सम्झनु पर्दछ ।

फ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड सम्झनु पर्दछ।

ब) "पुर्नभरण प्रविधि" भन्नाले जमीन भित्र पानी संचित गर्ने प्रविधिलाई सम्झनु पर्दछ ।

भ) "दर्ता गर्ने अधिकारी" भन्नाले बोर्डले दर्ता गर्ने अधिकारी भनी अख्तियारी दिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड

**३.** **<u>खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको गठनः</u>** (१) नगरपालिका क्षेत्रभित्र संचालित खानेपानी आयोजनाहरु, उपभोक्ता समिति एवं संस्थालाई नियमन तथा व्यवस्थापन गर्नका लागि खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड गठन गरिनेछ ।

क) नगर प्रमुख — अध्यक्ष

ख) नगर उपप्रमुख — सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) वडा अध्यक्षहरु — सदस्य

ङ) खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यगरेको व्यक्तिहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको २ जना — सदस्य

च) खानेपानी तथा सरसफाई उपभोक्ता समिति तथा संस्थाका पदाधिकारी

मध्येबाट नगरप्रमुखले मनोनित गरेको ४ जना — सदस्य

छ) खानेपानी तथा सरसफाई शाखाका प्रमुख वा बोर्डले तोकेको कर्मचारी — सदस्य सचिव

४. **<u>खानेपानी व्यवस्थापन बोर्डको काम कर्तव्य र अधिकारः</u>** (१) यस ऐनमा अन्यत्र लेखिएका काम कर्तव्य र अधिकारको अतिरिक्त खानेपानी व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुने छन् ।

क) खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाई कार्यान्वयन गर्ने गराउने।

ख) खानेपानी सेवा प्रणालीलाई स्थानीय स्तरमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र आयोजनाहरुलाई बिस्तार सुधार र पुनर्स्थापना गर्ने गराउने ।

ग) स्थानीय स्तरमा खानेपानी तथा सरसफाईका सम्बन्धमा सेवा विस्तार तथा आवश्यक सुधार कार्यक्रमको लागि अध्ययन गरी नेपाल सरकार तथा बिभिन्न दातृ निकायहरुमा योजना बनाई प्रस्ताव पेश गर्ने ।

घ) नेपाल सरकार, गैरसरकारी, स्वदेशी तथा बिदेशी संघ, संस्था एवं दातृ निकायहरुको ऋण, सहुलियत वा अनुदानबाट सञ्चालन हुने आयोजनाहरुको निर्माण एवं नियमन गर्ने ।
तर यस्ता आयोजनाहरु सम्पन्न भई सेवा प्रदान गर्ने अबस्थामा सोको सञ्चालन तथा जिम्मेवारी स्थानीय खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थालाई प्रदान गर्न सकिनेछ ।

ङ) वोर्डको वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने ।

च) वोर्डको वार्षिक प्रतिवेदन तयार गर्ने ।

छ) वोर्डले उपभोक्ता समिति, संस्था तथा आयोजनाहरुको अनुगमन निरिक्षण तथा सुपरिवेक्षण गर्नका लागि आवश्यकता अनुसार समिति तथा उपसमिति गठन गर्न सक्नेछ ।

ज) खानेपानी तथा सरसफाई सेवा सञ्चालनका लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने।

झ) व्यक्ति बिशेषको निजी जग्गामा पानीको कुनै प्राकृतिक श्रोत वा मूल पहिचान भएमा उक्त पानीको प्राकृतिक श्रोत वा मूललाई संरक्षण गर्नका लागि सम्बन्धित जग्गाधनीलाई प्रचलित कानून बमोजिम जग्गाको मुआब्जा दिई अधिग्रहण गरिलिन सकिनेछ ।

ञ) खानेपानीको महसुल निर्धारण गर्ने ।

त) उपभोक्तालाई प्रदान गर्ने सेवा वापत निर्धारित महसुल अशुल गर्ने गराउने ।

थ) उपभोक्ताको उजुरी गुनासो सुनवाई गर्ने ।

द) बोर्डले उपभोक्तालाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनका लागि निजी वा सार्वजनीक घर जग्गामा खानेपानीको पाईप लाईन बिच्छ्याउन वा संरचना बनाउन सक्नेछ ।
तर पाईप लाईन बिच्छ्याउदा वा संरचना बनाउदा कुनै व्यक्तिको निजी घर/जग्गामा कुनै किसिमको हानी नोक्सानी पर्न गएमा सो बापत सम्बन्धित घर/जग्गा धनीलाई बोर्डले मनासिव क्षतिपूर्ति उपलब्ध गराउनेछ ।

ध) भुमिगत जलश्रोतलाई दिगो रुपमा सञ्चालन गर्नका लागि आबश्यक नीति बनाई पुर्नभरण प्रविधि अपनाउन सकिनेछ ।

न) नगरपालिका क्षेत्रभित्र रहेका भू-सतहको तथा भुमिगत जलश्रोतको बिषयमा स्थानीय स्तरमा रहेका संस्था एवं उपभोक्ता समिति तथा सिमानामा रहेका अन्य नगरपालिका एवं अन्य जिल्लामा कुनै बिवाद आएमा बोर्डले

सहजीकरण गरी विवादको समाधान गर्नेछ ।

प) यो ऐन लागू गर्न आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाई लागू गरिने छ ।

५. **<u>कार्यकारीको नियुक्ति</u> :-** (१) खानेपानी सेवालाई चुस्त दुरुस्त बनाई नियमन गर्न एवं गुणस्तरीय सेवा प्रदान गर्नको लागि बोर्डले कार्यकारी अधिकृत नियुक्ति गर्न सक्नेछ । निजको सेवा, सुविधा तथा शर्त बोर्डले तोके बमोजिम हुनेछ ।

(२) कार्यकारीको नियुक्ति नभए सम्मको लागि नगरपालिकाको अधिकृतस्तरको कुनै कर्मचारीलाई सो काममा लगाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी अधिकृतको पदावधी ४ बर्षको हुनेछ ।

६. **<u>बोर्डको अध्यक्ष, सदस्य तथा समिति, उपसमितिका पदाधिकारीहरु र मनोनित सदस्यहरुको पद रिक्त हुने अबस्थाः-</u>**

क) राजीनामा दिएमा ।

ख) पदावधि समाप्त भएमा ।

ग) साहुको दामासाहीमा परेमा ।

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा ।

ङ) बिना सूचना लगातार ३ पटक सम्म बोर्डको बैठकमा अनुपस्थित भएमा, तर पदेन सदस्यकोहकमा यो उपदफा लागू हुनेछैन ।

च) मृत्यु भएमा ।

७. **<u>रिक्त स्थानको पदपुर्तिः</u>-** (१) खानेपानी तथा सरसफाई बोर्डको पदेन बाहेकका मनोनित पदाधिकारीहरुको पद कुनै कारणले रिक्त हुन आएमा रिक्त पदको बाँकी अवधिका लागि बोर्डको निर्णय बमोजिम पदपुर्ति गरिनेछ ।

## <u>परिच्छेद -३</u>
## <u>बोर्डको कोष तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था</u>

८. **<u>बोर्डको कोषः</u>** (१) बोर्डको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन ।

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

ख) नेपाल सरकार तथा गैर सरकारी एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाबाट ऋण, अनुदान वा सहयोग बापत प्राप्त रकम ।

ग) सेवा प्रदायकबाट अनुमतीपत्र दस्तुर तथा अन्य सेवा शुल्क एवं अनुदानबाट प्राप्त रकम।

घ) खानेपानी तथा सरसफाई सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका आयोजनाहरु मार्फत ऋण, अनुदान तथा लगानीबाट प्राप्त रकम ।

ङ) नगरपालिकाले खानेपानी तथा सरसफाई सेवाका लागि बिनियोजन गरेको रकम ।

च)  अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) बोर्डको कोषमा रहने रकम बैंक वा बित्तिय संस्थामा खाता खोली जम्मा गरिने छ र त्यस्तो खाताको सञ्चालन बोर्डले गरेको निर्णय बमोजिम हुनेछ ।

(४) बोर्डको सम्पुर्ण खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**९. <u>लेखा तथा लेखापरीक्षण:</u>** (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) बोर्डले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गराउन सक्नेछ ।

## परिच्छेद -४
## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको गठन तथा दर्ता

**१०. खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको गठन:** (१) स्थानीय स्तरमा रहेका खानेपानीका श्रोतहरु उपयोग गरी उपभोक्ताहरुलाई खानेपानी सेवा बितरण गर्नका लागि देहाय बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था गठन गर्न सकिनेछ ।

क)  स्थानीय जलश्रोतलाई परिचालन गर्नेगरी कम्तिमा ५० घरधुरीलाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने उदेश्यले स्थानीय उपभोक्ताहरु मिली आयोजना तयार गरी खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था गठन गर्न सक्नेछन् ।

ख)  हाल सेवा प्रदायकका रुपमा सञ्चालन भई रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाले यो ऐन लागू भएको मितिले ६ महिना भित्र तोकिए बमोजिम नगरपालिकामा दर्ता गरि सक्नु पर्नेछ ।

ग)  नगरपालिका क्षेत्रभित्र यो ऐन जारी हुनु अगावै सञ्चालनमा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समिति, संस्था एवं आयोजनाहरु तथा यस ऐन बमोजिम गठन भएको संस्थाहरु दफा ३ बमोजिम गठित वोर्ड अन्तर्गत रहनेछ ।

**११. दर्ता नगरी संस्था सञ्चालन गर्न नहुने:** (१) यस ऐन तथा यस ऐन अन्तर्गतको नियम बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था दर्ता नगरी सञ्चालन गर्न हुदैन।

**१२. संस्था दर्ताको लागि दरखास्त दिनु पर्ने:** (१) यस ऐन बमोजिम दर्ता हुने तथा ऐन लागू हुन भन्दा अघिदेखी सञ्चालनमा आएका खानेपानी तथा सरसफाई संस्थाले दर्ताको लागि अनुसूची १ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्ने छ।

क)  खानेपानी तथा सरसफाई संस्थाको विनियम,

ख)  खानेपानीको प्राकृतिक श्रोत तथा संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिबेदन,

ग)  संस्थाले लक्षित बर्ग सम्म दीर्घकालिन रुपमा सेवा दिन सक्ने भावी कार्ययोजना सहितको प्रतिवेदन,

घ)  तोकिए बमोजिमका अन्य बिवरण तथा कागजातहरु पेश गर्नु पर्नेछ।

**१३. दर्ता गर्नु पर्ने:** (१) दफा १२ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा

देहाय बमोजिमको पाइएमा दर्ता गर्ने अधिकारी वा निकायले खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था दर्ता गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको विनियमको कुनै कुरा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारी वा निकायले त्यस्तो संशोधन गर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले ३० दिन भित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

१४. **<u>दर्ता गर्न अस्वीकार गर्न सक्नेः</u>** (१) दफा १३ को उपदफा (१) मा उल्लेखित अवस्था नभएमा वा दफा १३ को उपदफा (२) बमोजिम विनियम संशोधनका लागि सूचना दिएको अवधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा सूचना पाएको मितिले तीस दिन भित्र विनिमय संशोधन नगरेमा दर्ता गर्ने अधिकारी वा निकायले संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेमा दर्ता गर्ने अधिकारी वा निकायले कारण खुलाई ७ दिन भित्र सोको जानकारी निवेदकहरुलाई दिनु पर्नेछ ।

१५. **<u>खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था संगठित संस्था हुनेः</u>** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था अबिछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाले ऐनको अधिनमा रही बोर्डको सहमतीमा चल अचल सम्पती प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्ने छ ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिश उजुर गर्न र सो उपर सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ ।

(४) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाले व्यक्ति सरह करार गर्न सक्ने छ ।
तर नगरपालिका क्षेत्र भन्दा वाहिरको अन्य कुनै संस्था वा निकाय सँग ऋण वा अनुदान सम्बन्धि करार गर्नुपर्दा वोर्डको अनिवार्य स्वीकृती लिनु पर्नेछ ।

१६. **<u>संस्थाको कार्यक्षेत्रः</u>** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको कार्यक्षेत्र नगरपालिका भित्र संस्थाको विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद -५
## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको उद्देश्य तथा कार्य

१७. **<u>संस्थाको उद्देश्यः</u>** (१) नगरपालिका क्षेत्रभित्र रहेका बिभिन्न किसिमका खानेपानीका श्रोतहरु पहिचान गरी ती श्रोतहरुलाई उचित संरक्षण र सम्बर्धन गरी त्यहाँ रहेको पानीलाई एकत्रित गरी नगर क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने संस्थाको मुख्य उद्देश्य हुनेछ ।

१८. **<u>संस्थाको कार्यः</u>**- (१) संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन ।

क) पानीको श्रोतलाई व्यवस्थित गरी उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने।

ख) उपभोक्ताहरु माझ खानेपानी तथा सरसफाई व्यवस्थापनको सूचना दिने ।

ग) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने ।

घ) विनियममा उल्लेखित कार्य गर्ने ।

ङ) यस ऐन बमोजिम गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था दफा ३ बमोजिम गठित खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डप्रति उत्तरदायी हुनेछ ।

## परिच्छेद-६
## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको विनियम तथा आन्तरिक कार्यविधि

१९. **विनियम बनाउनु पर्ने:** (१) उपभोक्ता समिति वा संस्थाले यस ऐनको अधीनमा रही आफ्नो कार्य सञ्चालनका लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारी वा निकायबाट स्वीकृत भएपछी लागु हुनेछ।

२०. **आन्तरिक कार्यविधि बनाउन सक्ने:** (१) उपभोक्ता समिति वा संस्थाले यो ऐन र यस अन्तर्गत बनेको नियम निर्देशिका मापदण्ड कार्यविधि र  विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरी संस्था दर्ता गर्ने अधिकारी वा निकायबाट अद्यावधिक भए पश्चात लागू हुनेछ ।

२१. **विनियम र आन्तरिक कार्यविधिमा संशोधन:** (१) साधारणसभा कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारी वा निकायबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

## परिच्छेद -७
## खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको साधारणसभा तथा लेखापरीक्षण

२२. **साधारणसभाः** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको सर्वोच्च अंगको रुपमा साधारणसभा हुनेछ ।

(२) संस्थाका सबै उपभोक्ताहरु संस्थाका साधारण सदस्य हुने छन् ।

(३) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ ।

क) प्रारम्भिक साधारणसभा

ख) बार्षिक साधारणसभा

ग) बिशेष साधारणसभा

२३. **<u>प्रारम्भिक साधारणसभाको काम कर्तव्य र अधिकारः</u>** (१) प्रारम्भिक साधारणसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन ।

क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिन सम्मको काम कारवाही र आर्थिक कारोवारको जानकारी लिने ।

ख) चालु आर्थिक बर्षको लागि बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ग) प्रतिवेदन तथा वित्तीय विवरणहरु अनुमोदन गर्ने ।

घ) विनियममा उल्लेख भए बमोजिमको कार्य समितिको निर्वाचन गर्ने ।

ङ) लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

च) आन्तरिक कार्यविधि पारित गर्ने ।

छ) विनियममा तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।

२४. **<u>बार्षिक साधारणसभाको काम कर्तव्य र अधिकारः</u>** (१) बार्षिक साधारणसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

ख) बार्षिक लेखापरीक्षण प्रतिबेदन अनुमोदन गर्ने ।

ग) कार्यसमितिको निर्वाचन तथा बिघटन गर्ने ।

घ) संचालक वा लेखापरीवेक्षण समितिको संयोजक वा सदस्यलाई हटाउने ।

ङ) समितिको बार्षिक प्रतिवेदन पारित गर्ने ।

च) विनियम संशोधन वा आन्तरिक कार्यविधि पारित गर्ने ।

छ) पारिश्रमिक लगायतका सुविधाहरु तोक्ने ।

ज) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने ।

झ) समितिलाई आवश्यक निर्देशन दिने ।

ञ) संस्था एकीकरण वा बिघटन सम्बन्धि निर्णय सिफारिस गर्ने ।

ट) विनियममा तोकिए बमोजिमको अन्य काम गर्ने ।

२५. **<u>साधारणसभाको बैठकः</u>** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था दर्ता भएको मितिले ३ महिना भित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ ।

(२) संस्थाले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ६ महिना भित्र बार्षिक साधारणसभा बोलाउनु पर्ने छ ।

(३) संस्थाले देहायको अवस्थामा बिशेष साधारणसभा बोलाउनुपर्ने छ ।

क) संस्थाको काम बिशेषले साधारणसभा वोलाउनु पर्ने भएमा ।

ख) संस्थाका कुनै पदाधिकारीले बिशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्तावलाई समितिबाट पारित भएमा ।

ग) बिशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई २५ प्रतिशत साधारण सदस्यहरुले समिति समक्ष निवेदन दिएमा।

घ) दर्ता गर्ने अधिकारी वा निकायले निर्देशन दिएमा ।

(४) उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको संचालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पुरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएमा दर्ता गर्ने अधिकारी वा निकायलाई जानकारी दिई साधारण

सदस्यहरु मध्येबाट बहुमत सदस्य उपस्थित भई बिशेष साधारणसभा गर्न सकिनेछ ।

२६. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** (१) यस ऐनमा अन्यत्र उल्लेख भएका काम कर्तव्य र अधिकारका अतिरिक्त संस्थाको विनियममा उल्लेख भए बमोजिमको काम कर्तव्य र अधिकार हुनेछ।

२७. **<u>खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको संचालक समितिको निर्वाचनः</u>** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको कार्य समितिको कार्य अवधी समाप्त हुनु अगावै कार्य समितिको निर्वाचन गराउनु पर्ने ।

(२) उपदफा १ बमोजिम कार्य समितिको निर्वाचन संस्थाले बिशेष परिस्थिति पर्न गई सम्पन्न हुन नसकेमा कारण सहित सोको जानकारी दर्ता गर्ने अधिकारी वा निकायलाई गराई बढीमा ६ महिनाको समय माग गर्न सक्ने छ।

(३) उपदफा २ बमोजिमको समयावधि भित्र पनि निर्वाचन गराउन नसकेमा दर्ता गर्ने अधिकारी वा निकायले ऐनमा व्यवस्था भए बमोजिम निर्वाचन प्रकृया अगाडी बढाई निर्वाचन गराउन सक्नेछ ।

२८. **<u>खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको कार्यसमितिको बिघटनः</u>** (१) दर्ता गर्ने अधिकारी वा निकायले देहायको अवस्थामा समितिको बिघटन गर्न सक्नेछ ।

क) समिति वा समितिका पदाधिकारीको बदनियतपुर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेको कुरा प्रमाणित भएमा वा पर्न सक्ने आशंका भएमा ।

ख) संस्था वा पदाधिकारीले विनियममा उल्लेखित उदेश्य र कार्यको बिपरीत काम गरेमा ।

ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ता गर्ने अधिकारी वा निकायले दिएको निर्देशनको बारम्बार उलङ्घन गरेमा ।

तर उपदफा १ बमोजिम संस्थाका अध्यक्ष वा पदाधिकारीहरुलाई हटाउनु अघि निजलाई सफाईको मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति बिघटन भएमा बोर्डले संस्थाका साधारण सदस्यहरु मध्येबाट ५ सदस्यीय तदर्थ समिति गठन गरी संस्थाको विनियममा व्यवस्था भए बमोजिम साधारणसभा वा बिषेश साधारणसभा बोलाउन लगाई समितिको निर्वाचन सम्पन्न गराउन सक्नेछ ।

२९. **<u>खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्था एकीकरण गर्न सकिनेः</u>** (१) यस ऐनको अधीनमा रही दुई वा दुई भन्दा वढी खानेपानी तथा सरसफाई संस्थाहरु एक आपसमा गाभेर एकीकरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम संस्था गाभीई एकीकरण गर्दा संस्थाको साधारणसभाको बहुमतले निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा एकीकरण गर्ने सम्बन्धमा शर्त तथा कार्यविधि समेत खुलाउनु पर्नेछ ।

(४) बोर्डले आवश्यक ठानेमा सञ्चालनमा रहेका वा सञ्चालन हुन नसकेका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाहरुलाई एक आपसमा गाभ्न सक्नेछ ।

३०. **<u>वोर्डले सेवाप्रणाली जिम्मा लिन सक्नेः</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्ति, संस्था, उपभोक्ता समितिले निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवाप्रणाली सम्बन्धित व्यक्ति, संस्था,

उपभोक्ता समिति वा अन्य निकायले सञ्चालन तथा व्यवस्थापन गर्न असमर्थता व्यक्त गरी वोर्डलाई जानकारी गराएमा त्यस्तो सेवाप्रणाली प्राप्त गरी सञ्चालन र व्यवस्थापन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम व्यक्ति, संस्था वा उपभोक्ता समितिसँग सेवाप्रणाली प्राप्त गर्ने कार्यविधि र मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१.** **<u>बोर्डले सेवा प्रदायकको सेवाप्रणाली व्यवस्थापन जिम्मा लिन सक्नेः</u>** (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्ति, संस्था, उपभोक्ता समितिले वोर्ड अन्तरगत रही सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवा प्रणाली कुनै कारणवश समस्याग्रस्त भई सेवाको गुणस्तरमा ह्रास आएमा वा सेवा नै अवरुद्ध हुने भएमा वा व्यापक आर्थिक हिनामिना भएमा वोर्डले सम्बन्धित व्यक्ति, संस्था, उपभोक्ता समिति वा अन्य निकायको त्यस्तो सेवा प्रणालीको व्यवस्थापन बोर्ड स्वयंले जिम्मा लिई सञ्चालन र व्यवस्थापन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम समस्याग्रस्त सेवा प्रणाली प्राप्त गर्नु अघि सम्बन्धित व्यक्ति, संस्था, उपभोक्ता समिति वा अन्य निकायलाई उचित सुनुवाईको मौका प्रदान गरिनेछ ।

(३) उपदफा (१) बमोजिम जिम्मा लिई सञ्चालन र व्यवस्थापन गर्न लिएको सेवा प्रणालीमा सुधार आएपछि जुन संस्था वा व्यक्तिबाट सञ्चालन र व्यवस्थापन गर्न जिम्मा लिईएको हो सोही संस्था वा व्यक्तिलाई व्यवस्थापकीय शर्त सहित फिर्ता गर्न सकिनेछ ।

**३२.** **<u>खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाको बिघटन र दर्ता खारेजीः</u>** (१) यस ऐन अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाहरुको साधारणसभाले संस्था खारेजी वा बिघटनको सिफारिस दर्ता गर्ने अधिकारी वा निकाय समक्ष गरेमा दर्ता गर्ने अधिकारी वा निकायले संस्था खारेजी वा बिघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था खारेजी वा बिघटन भएमा बिघटन वा खारेजी भएको संस्थाको सम्पुर्ण दायित्वहरु बोर्डमा निहित रहनेछ ।

## <u>परिच्छेद ८</u>

## <u>सरसफाई तथा फोहोरमैला सम्बन्धी व्यवस्था</u>

**३३.** **<u>सरसफाई तथा फोहोरमैला व्यवस्थापनः</u>** (१) यस ऐनको दफा ३ बमोजिम गठित बोर्डले ढल निकास व्यवस्थापन र घरेलु तथा सामुदायिक सरसफाईमा नीति तथा मापदण्ड तयार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको नीति तथा मापदण्ड बमोजिम यस ऐन बमोजिम दर्ता भएका बिभिन्न उपभोक्ता समितिहरुले स्थानीय स्तरमा सरसफाई सम्बन्धी बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(३) यस नगरपालिका क्षेत्रमा निस्काशित फोहोरमैला पुन प्रयोग गरी कम्पोष्ट मल बनाउने कार्यलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने ।

(४) फोहोर मैला व्यवस्थापन तथा घरेलु फोहोर बिसर्जन गर्ने स्थानको व्यवस्था गर्ने ।

## <u>परिच्छेद ९</u>

## <u>कसुर तथा सजाय</u>

३४. **<u>कसुर तथा सजायः</u>** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकुल कुनै काम गरी देहायको कसुर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

क) खानेपानी तथा सरसफाई सेवा संग सम्बन्धित कुनै संरचना, जडान वा पुर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारले क्षति पुर्याएमा क्षति भएको हानी नोक्सानी भराई कसुरको मात्रा अनुसार ५० हजार रुपैया सम्म जरिवाना हुनेछ ।

ख) खानेपानीलाई प्रदुषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकुल असर पुर्याएको पाइएमा कसुरको मात्रा अनुसार २५ हजार रुपैया सम्म जरिवाना हुनेछ ।

ग) खानेपानी तथा सरसफाई सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा २० हजार रुपैया सम्म जरिवाना हुनेछ।

घ) सेवा मापन यन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुर्याएमा १५ हजार रुपैया सम्म जरिवाना हुनेछ ।

ङ) खानेपानी तथा सरसफाई सेवा प्रणालीमा जडित पाईप लाईन, ढल तथा अन्य भौतिक संरचनाहरु चोरी गरेमा, बिगारेमा, भत्काएमा वा नास गरेमा सो कामबाट पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना हुनेछ।

च) कसैको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारणले अन्य कसैलाई हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुर्याउनेलाई तिराई कसुरको मात्रा अनुसार जरिवाना समेत हुनेछ।

(२) सेवा प्रदायक द्वारा सेवा प्रदान भएको अबस्थामा उपदफा (१) बमोजिमको कसुरका सम्बन्धमा न्याय गर्न वा क्षतिपूर्ति माग गर्नका लागि सेवा प्रदायकले बोर्डमा निबेदन दिन सक्नेछ ।

(३) उपदफा २ बमोजिम सेवा प्रदायकले बोर्ड समक्ष दिएको निवेदन उपर छानविन गर्दा कुनै व्यक्तिले कसुर गरेको ठहरेमा बोर्डले उपदफा १ बमोजिम उपयुक्त सजाय गर्न आदेश दिन सक्नेछ ।

(४) यस दफा बमोजिम कसुरको छानविन गरी सजाय गर्न बोर्डले समिति वा उप समिति गठन गर्न सक्नेछ । त्यस्तो समिति वा उपसमितिको प्रतिवेदनको आधारमा बोर्डले निर्णय गरी सजाय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम गरेको निर्णयमा चित्त नबुझे सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

## <u>परिच्छेद १०</u>
## <u>बिविध</u>

३५. **<u>बोर्डले बार्षिक प्रतिबेदन सार्वजनिक गर्नुपर्नेः</u>** (१) बोर्डले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ३ महिना भित्र देहायका कुरा समेत समावेश गरी बार्षिक प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

क) बोर्डको आम्दानी र खर्चको बिवरण ।

ख) बोर्डले बर्षभरि सञ्चालन गरेको कामको बिवरण र सोको लागि लागेको प्रशासकीय खर्च ।

ग) आगामी बर्षको कार्य योजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको श्रोत ।

घ) तोकिए बमोजिमको अन्य बिवरणहरु ।

३६. **<u>समिति गठन गर्न सक्नेः</u>** (१) बोर्डले आफुले गर्नु पर्ने काम कारवाहीहरु सुचारु रुपले सञ्चालन गर्नका लागि बोर्डले तोके बमोजिमको खानेपानी तथा सरसफाई संग सम्बन्धित बिषयगत विशेषज्ञ सेवा प्रदायक तथा उपभोक्ता समेत संलग्न रहनेगरी आवश्यता अनुसार समिति वा उपसमिति गठन गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम कर्तव्य र अधिकार तथा उपसमितिका सदस्यहरुले पाउने सुविधा बोर्डले तोके बमोजिम हुनेछ ।

३७. **<u>नियम बनाउन सक्नेः</u>** यो ऐन कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

३८. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई वा बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार नगरपालिकालाई हुनेछ ।नगर कार्यपालिकाले बाधा अड्काउ सम्बन्धमा गरेको निर्णयको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

३९. **<u>संशोधन गर्न सक्नेः</u>** (१) यस ऐनमा भएका प्रावधानहरु संशोधन थपघट तथा खारेज गर्ने अधिकार कानून बमोजिम नगरपालिकालाई हुनेछ ।

(२) यस ऐनमा भएका प्रावधानहरु नेपालको संविधान, संघिय तथा प्रदेश कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

४०. **<u>संक्रमणकालीन अबस्थाः</u>** (१) नगरपालिका क्षेत्रभित्र यो ऐन जारी हुनु अगावै सञ्चालनमा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समिति, संस्था, आयोजनाहरु ऐनको दफा ७ को उपदफा (१)(ख) बमोजिमको समयावधि भित्र अद्यावधिक तथा दर्ता हुनका लागि नआएमा बोर्डले त्यस्ता संस्थाहरु बिघटन गर्न सक्नेछ । बिघटन गर्नु पुर्व संस्थालाई सफाईको मौका दिईनेछ ।

(२) उपदफा (१) बमोजिम बिघटन भएको संस्थालाई बोर्डले संस्थाका साधारण सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी यस ऐनको प्रावधान बमोजिम दर्ता अद्यावधिक गरी सञ्चालन गराउन सक्नेछ ।

४१. **<u>बचाउः</u>** कागेश्वरी मनोहरा नगरपालिका तथा नगरपालिका क्षेत्रभित्र संचालित खानेपानी तथा सरसफाई उपभोक्ता समिति वा संस्थाले गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१

दफा १२ को उपदफा १ संग सम्बन्धित

खानेपानी तथा सरसफाई संस्थाको दर्ताको लागि पेश गर्नु पर्ने निवेदनको नमूना

मिति-----------

श्रीमान अध्यक्षज्यू ,

खानेपानी व्यवस्थापन बोर्ड

कागेश्वरी मनोहरा नगरपालिका थली डाँछी, काठमाण्डौ

**बिषयः- खानेपानी तथा सरसफाई संस्था दर्ता गरी पाउ ।**

महोदय,

उपरोक्त बिषयमा यस नगरपालिकाको वडा नं......मा सञ्चालनमा रहेको / सञ्चालन गर्ने ..............................खानेपानी तथा सरसफाई उपभोक्ता समिति/संस्थाको विधान २ प्रती र कार्यसमितिको पदाधिकारीको नामावली तथा नागरिकताको फोटोकपी तथा सो संग सम्बन्धित कार्ययोजना प्रतिवेदन लगायतका कागजातहरु साथै राखी यो निवेदन पेश गरिएकोछ नियमानुसार संस्था दर्ता गरी पाउ ।

**<u>निबेदक</u>**

संस्थाको नामः-

अध्यक्षको नामः-

हस्ताक्षर....................

मिति

अनुसूची -२

दफा १३ को उपदफा १ संग सम्बन्धित

खानेपानी तथा सरसफाई संस्थाको दर्ता प्रमाणपत्रको नमूना

दर्ता नं. ...... मिति-----------

# खानेपानी तथा सरसफाई संस्थाको दर्ता प्रमाणपत्र

प्रस्तुत बिषयमा कागेश्वरी मनोहरा नगरपालिका वडा नं. .... मा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समिति/ संस्था / आयोजनाको मिति ......................मा यस कार्यालयमा प्राप्त निबेदन बमोजिम कागेश्वरी मनोहरा नगरपालिकाको क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा सञ्चालन गर्नका लागि कागेश्वरी मनोहरा नगरपालिकाको खानेपानी सेवा ऐन २०७९ को दफा ........ बमोजिम संस्था दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

प्रमाणपत्र प्रदान गर्नेको

हस्ताक्षर

नाम थर

पद

पारित मितिः २०७९/०३/२५

प्रमाणिकरण मितिः २०७९/०३/३१

आज्ञाले,

भोज राज घिमिरे

प्रमुख प्रशासकीय अधिकृत